अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

## सम्पत्ति तथा मालसामानको लिलाम बिक्री सम्बन्धी सूचना

सूचना नं.: MoF/लिलाम-१/२०८२/८३

प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२८

मिति २०८२/०५/२३ र २४ गते भएको जेनजी(Gen-Z) आन्दोलनका क्रममा यस मन्त्रालयमा भएको आगजनी तथा तोडफोडका कारण जलेर वा तोडफोड भएर काम नलाग्ने अवस्थाका फलाम एवं स्टिल लगायतका पत्रु सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३(तीन) दिन (मिति २०८२/११/०२ गते) भित्र लिलाम बिक्रीको लागि कबोल मूल्यको १०(दश) प्रतिशतले हुने रकम बैंक जमानत वा नगद धरौटी सहित बोलपत्र पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ।

१. लिलाम बिक्री गर्ने मालसामानहरुको विवरण

| क.स. | सामानको प्रकार | परिमाण(के.जी.) | न्यूनतम मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | फलामजन्य | १०७१ | ३७४८५/- | |
| २ | जस्तापाताजन्य | १०७५ | २१५००/- | |
| जम्मा | | | ५८९८५/- | |
| मू.अ.क.(१३%) | | | ७६६८.०५/- | |
| कुल जम्मा | | | ६६६५३.०५/- | |

२. लिलाम बिक्रीका लागि बोलपत्र खोल्ने मिति, समय र स्थान

- मितिः २०८२/११/०४
- समयः दिनको १२:०० बजे
- स्थानः प्रशासन महाशाखा, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं

३. सर्तहरू

१. लिलाम बिक्री हुने मालसामानहरु हेर्न चाहने व्यक्ति/संस्था/फर्मले कार्यालय समयभित्र जिन्सी शाखामा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ।

२. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको लिलाम अंक स्वीकृत गरिने छ।

३. लिलाम स्वीकृत भएको ३ दिनभित्र आफूले कबोल गरेको रकम नगद वा बैंक दाखिला गर्नुपर्ने छ।

४. लिलाम सकार गरेको मालसामान लिलाम सम्झौता भएको मितिले तीन (३) दिनभित्र उठाई लैजानु पर्नेछ।

५. बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी बोलपत्र खोलिने छ।